नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ | अंक १५० | २०८१ साल पुस २६ गते शुक्रबार (10 Jan. 2025 Friday) | मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

Log in : *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : मिथिला चित्रकला बन्दैछ... ३ पृष्ठमा : एचएमपिभी साधारण रुघाखोकी ... ३ पृष्ठमा :तिब्बतमा भूकम्पपछि...

# काँग्रेस र एमाले मिलेर लोकतन्त्रलाई कमिशनतन्त्रमा परिणत गर्‍यो : उपेन्द्र यादव




**दैनिक समाचारदाता**
**राजविराज, २५ पुस ।**

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले दुई ठूला दल काँग्रेस र एमाले मिलेर लोकतन्त्रलाई कमिशनतन्त्रमा परिणत गरेको आरोप लगाएका छन् ।

जनतासँग जसपा नेपाल आधारभुत संगठन निर्माण अभियान अन्तरगत बिहीबार सप्तरीको विष्णुपुर गाउँपालिकाको परसाहीमा क्षेत्र नं. २ र ३ को संयुक्त अभिमुखीकरण कार्यक्रममा बोल्दै अध्यक्ष यादवले यस्तो आरोप लगाएका हुन् ।

देशमा ३५ वर्ष भन्दा बढी शासन गरेका काँग्रेस र कम्युनिष्टले मुलुकलाई काण्डै काण्डमा फसाएर बर्बाद पारेको उनले दोषारोपण समेत गरे ।

मुलुकमा नाम चलेका सबै उद्योगधन्दा र कलकारखानाहरु बन्द हुनु यसको एउटा उदाहरण भएको बताउँदै अध्यक्ष यादवले संवैधानिक नियुक्तिदेखी विभिन्न विश्वबिद्यालयहरुमा भएको नियुक्तिमा कमिशन र खरीद बिक्रिको खेल चलेको दाबीका साथ उनले भुटानी शरणार्थी, वाइडबडी, सहकारी, एनसेल, ललिता निवास लगायतका ठूला काण्ड गर्नमा काँग्रेस कम्युनिष्ट नेतृत्व सरकारकै हात रहेको जिकिर गरे ।

वर्तमान सरकार जनताका लागि काम गर्न नभई आफूले गरेका भ्रष्टाचार लुकाउन बनेको जिकिरका साथ उनले दुई ठूला दल मिलेर सरकार बनाएको उदाहरण विश्वमा कतै नरहेको बताए । सप्तरी निर्वाचन क्षेत्र नं. ३ का अध्यक्ष कमलदेव यादवको अध्यक्षता आयोजित कार्यक्रममा पार्टीका केन्द्रिय उपाध्यक्ष मृगेन्द्र कुमार सिंह यादव, केन्द्रिय सचिव शैलेन्द्र प्रसाद साह, पूर्व प्रदेशसांसद बिदेश्वर प्रसाद यादव, केन्द्रिय सदस्य भिमराज यादव, जिल्ला अध्यक्ष केदार यादव, विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादव लगायतले पनि पार्टी सुदृढीकरणको बारे आ-आफ्नो धारणा राखेका थिए ।

# सप्तरीमा एक सय ९३ फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २४ पुस ।**

सप्तरी प्रहरीले चालु आ.ब.को पाँच महिनाको अवधीमा एक सय ९३ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । फरार अभियुक्तमाथी कडा निगरानी र अनुसन्धान बढाएसँगै विभिन्न अपराधका अभियुक्त धमाधम पक्राउ पर्न थालेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी प्रमुख उपरिक्षक ढकेन्द्र खतिवडाका अनुसार चालु आर्थिक वर्ष २०८१/०८२ को हाल सम्ममा सबै भन्दा बढी १ सय ९३ फरार प्रतिवादी पक्राउ परेका छन । चालु आ.ब.को ५ महिनाको अवधीमा समातिएका फरार प्रतिवादीको यो संख्या हाल सम्मकै बढी रहेको उनले जानकारी समेत दिए ।

विभिन्न खाले अपराध गरी विभिन्न ठाउँमा लुकेर बसेका अभियुक्तमाथी प्रहरीले अपरेशन बढाएकोले पक्राउ परेकाहरुबाट ३३ वर्ष ११ महिना ७ दिन कैद सजाय र ५ लाख ९९ हजार ५८ रुपैया जरिवाना असुलका लागी सप्तरी जिल्ला अदालतमा उपस्थित गराइएको प्रहरी उपरिक्षाक खतिवडाको भनाई छ ।

विगतमा प्रहरीले घटना भएको केही समय मात्रै अभियुक्त खोजी गर्ने र घटना पुरानो हुदै गएपछी फरार अभियुक्त खोज्न खासै चासो नदेखाउने गुनासो पनि उठने गरेको थियो । तर पछिल्लो समय प्रहरीले सक्रियता देखाउदै सबै भन्दा बढी फरार अभियुक्त पक्राउ गर्न सफल भएको छ ।

"विगत वर्षमा भन्दा यो बर्ष फरार अभियुक्तको सूचिमा रहेका धेरै ब्यक्तीहरु पक्राउ परेका छन, यसमा अझै चासो बढाएका छौ, प्रहरी उपरिक्षक खतिवडाले भने "अपराधको प्रकृति र अवस्था हेरेर प्रहरीले सुक्ष्म अनुसन्धान थालेको छ ।"

फरार अभियुक्त पक्राउ गरी फैसला कार्यान्वियन गर्दा प्रहरीले राजश्व रकम समेत बढाएको छ । यस बाहेक सोही अवधीमा प्रहरीले भन्सार छलीका ७० लाख ७२ हजार ४ सय ५ रुपैयाको अवैध समान जफत गरी भन्सार कार्यालयमा बुझाएको प्रहरी तथ्याङ्कले देखाएको छ ।

यस अवधीमा लागु औषध गाँजा २ हजार ६४ किलो, एम्पुल इन्जेक्शन १ सय ७४, स्पासमा प्रोक्स ट्याब्लेट ६४ र ब्राउन सुगर १ दशमलव ६२ मिलीग्राम जफत गरी १० जना मानिस समेत पक्राउ गरी कारवाही प्रकृया अघि बढाइएको प्रहरीको भनाई छ ।

यस्तै यस अवधिमा जिल्लाको विभिन्न स्थानमा सवारी दुर्घटनाका १ सय ८५ घटनामा ७ जनाको मृत्यु तथा ३ सय ८४ जना घाईते भएको प्रहरीद्वारा सार्वजनिक तथ्याङ्कमा उल्लेख छ ।

प्रहरी उपरिक्षक खतिवडाले अपराधमुक्त समाज निर्माण, सवारी दुर्घट्ना न्युनिकरण, साईबर अपराध, लागु औषध प्रयोगले हुने हानी नोक्सानी, आत्महत्या न्युनिकरण, आगलागी, बाढी पहिरो, बालविवाह, दाईजो लगायतका विभिन्न विकृति विसंगती विरुद्ध यस अवधीमा सचेतनाका १ सय ५५ वटा कार्यक्रम सम्पन्न गरिएको जानकारी दिएका छन् ।

यस्ता अभियानलाई अझ द्रुत गतिमा अगाडी बढाउदै लगिने जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।



प्रमुख उपरिक्षक ढकेन्द्र खतिवडा

# लामिछानेसहित सात जना प्रतिवादीलाई धरौटीमा रिहा गर्न आदेश

गण्डकी, २५ पुस (रासस) ।

कास्की जिल्ला अदालतले पोखराको सूर्यदर्शन सहकारीको बचत अपचलन मुद्दाका प्रतिवादी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेसहित सात जना प्रतिवादीलाई धरौटीमा रिहा गर्न आदेश दिएको छ ।

न्यायाधीश नितिज राईको इजलासले सभापति लामिछानेलाई रू ६५ लाख, छविलाल जोशीलाई रू ८८ लाख, लीला पछाइलाई रू

***बाँकी अन्तिम पृष्ठमा***


## वार्षिक साधारण सभाको मिति सरेको सम्बन्धी सूचना

यस संस्थाको २२औं वार्षिक साधारण सभा यही मिति २०८१ साल पुस २७ गते हुने तोकिएकोले प्राविधिक कारणबस उक्त साधारण सभा मिति २०८१ साल माघ १२ गते शनिबारका दिन हुने भएकोले सम्पूर्ण शेयर सदस्यहरुलाई जानकारीका लागि हार्दिक अनुरोध छ ।

**तपसिल**
**मिति : २०८१।१०।१२ गते शनिबार**
**स्थान : संस्थाको कार्यालय भवन माथी**
**समय : विहान ११:०० बजे**

**भवदीय**
**नेपाल सहकारी संस्था लि.**
**राजविराज ३, गजेन्द्र चौक, सप्तरी**

## उपभोक्ता सचेत बनौं

- अखाद्य, सडेगलेको वा म्याद नाघेको तथा अस्वभाविक रुपमा बढी मूल्य वा कम तौलका वस्तु बिक्री गर्ने जस्ता कार्य गैह कानूनी हो,
- त्यस्ता गैहकानूनी कार्य भएको जानकारी पाउनासाथ वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा वाणिज्य तथा उपभोक्ता हित संरक्षण कार्यालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय तह वा टोल फ्री नं. ११३७ मा उजुरी गरौं,
- सचेत उपभोक्ता बनौं, आफ्नो मौलिक अधिकारको सदुपयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सबै अधिकारलाई सुनिश्चित गर्नेतर्फ ध्यान पुगोस्

अधिकांश स्थानीय तह राजनीतिको अखाडा बन्दै गएको छ । पालिकाहरुमा प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्षबीच समय समयमा द्वन्द नै चलिरहेको अवस्थामा जनप्रतिनिधि र कर्मचारीहरुबीच पनि आन्तरिक द्वन्द पनि उत्तिकै छ । चाहे त्यो बजेट बिनियोजनको सवालमा होस् वा विकासीय योजनाहरु बाँडफाँडको विषयमा होस् । कोही एक मत हुन सकिरहेका छैनन् । जसले गर्दा जनताको चाहना अनुरुप कुनै कार्य अघि बढ्न सकेको छन् । यस विषयमा सप्तरी पनि पछाडी छैन् । सप्तरीमा पनि यस्ता आन्तरिक द्वन्द प्रस्टफुटन भइरहेको छ । यहाँका अधिकांश पालिकाहरुमा यस्ता द्वन्दले सतह नै नाघिसकेको छ ।

जिल्लाको पालिकाहरुमा कतै प्रमुख र प्रशासकीय अधिकृतबीच त कतै प्रमुख र उपप्रमुखबीच त कतै जनप्रतिनिधि र कर्मचारीबीचको किचलोले जनताको आधारभुत सेवादेखी विकासीय कार्य समेत प्रभावित भइरहेको छ । यसमा सबै भन्दा बढी प्रमुख प्रशासीयक अधिकृतलाई आफ्नो कार्यकाल पुरा नगरि अन्य पालिका वा स्थानमा सरुवा हुनु परेको छ । यसको कारण जनप्रतिनिधिहरुको हिसाबले काम नगर्नु हो । जनप्रतिनिधिहरुको हिसाबले काम गर्ने अधिकृत पालिकामा टिक्न सक्छन होइन् भने उनीहरुले आफ्नो सरुवा नै गर्नुपर्ने बाध्यता रहेको छ । यसरी मुलुकमा संघीय गणतन्त्रको आएको ८ वर्ष बितिसक्दा पनि स्थानीय पालिकाहरुमा अहिले पनि हैकमवादी प्रवृती हावी हुँदै गएको छ । यसले के बुझ्न सकिन्छ भने आफ्नो अनुकुलको निर्णयमा सबै ठीक र अनुकुल विपरीत गएमा द्वन्द र सरुवा हुनुपर्ने अवस्था छ । यति मात्र नभएर केही स्थानीय तहकै कर्मचारीको हेपाहा प्रवृतीले संघीय कर्मचारीहरु चेपुवामा पर्ने गरेका छन् ।

तसर्थ संघीय राज्यको परिकल्पना साकार गर्न स्थानीय तहहरुले आफ्नो जिम्मेवारी बोध गर्नु आवश्यक छ । यसका लागि जनतासँग सरोकार राख्ने सबै विषयमा जनप्रतिनिधिहरु गम्भिर भई आन्तरिक सबैखाले द्वन्दलाई निरुपम गरि जनताले पाउने सबै अधिकारलाई सुनिश्ति गर्नेतर्फ ध्यान केन्द्रित गर्न जरुरी छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# मिथिला चित्रकला बन्दैछ युवा कलाकारको 'करियर'

**विजेता कर्ण चौधरी**

काठमाडौं, २५ पुस (रासस) ।


पछिल्लो समय मिथिला चित्रकलालाई युवा कलाकारहरूले आफ्नो 'करियर' अर्थात जीविकोपार्जनका रूपमा अङ्गाल्न थालेका छन् । यसमा महिलाहरूको सङ्ख्या भन्नै आशालाग्दो छ । मिथिला चित्रकलाको ख्याति अन्तर्राष्ट्रियस्तरसम्म फैलिएसँगै चित्रकारहरूले पनि यतिबेला देशभित्र मात्रै सीमित नरहेर अन्तर्राष्ट्रियस्तरसम्म आफ्नो पहिचान स्थापित गर्दै लगेका छन् । मिथिला चित्रकलाको प्रदर्शनी, ग्यालरी सञ्चालन, क्राफ्ट निर्माणलगायत विभिन्न निजीदेखि व्यापारिक भवनसम्ममा चित्रकला गरेर चित्रकारहरूले राम्रो आम्दानी गर्नुका साथै मान-सम्मान र प्रतिष्ठा पनि आर्जन गरिरहेका छन् ।

चित्रकलालाई आफ्नो 'करियर' बनाएर मिथिला-मधेसकी हजारौं महिलाकी नमूना भन्नुभएकी युवा चित्रकार सुनयना ठाकुरको नाम अग्रपङ्क्तिमा आउँछ । जनकपुरधाममा मिथिला पेन्टिङसम्बन्धी आफ्नो आर्टग्यालरी सञ्चालन गरेर एक दशकअघि नै सुनयनाले आफ्नो भविष्यको बाटो कोर्नु भएको थियो । सानो छँदा चित्र कोर्न मन पराउने सुनयनालाई आफूले कोरेको चित्र मिथिला चित्रकला हो भनेर थाहा थिएन । उहाँले घरमा र टोलछिमेकमा आमा-काकीहरूले विभिन्न विधि-व्यवहारमा कोर्नुभएको चित्रलाई नै आफ्नो क्षमताले कोर्नुभयो । तर त्यही प्रतिभाले आज देश-विदेशमा एक परिचित अनुहार मात्र नभएर आर्थिक रूपमा पनि सक्षम र आत्मनिर्भर बन्न सफल भएको छ । कक्षा ८ पढ्दै गर्दा विवाह भएकी सुनयनाले सफलताको शिखर आफ्नै आँट र सुझबुझले चढ्नुभयो ।

त्यस्तै मिथिला चित्रकलालाई आफ्नो करियर बनाएर सफलताको उडान भर्ने अर्की कलाकार हुनुहुन्छ रन्जु यादव । रन्जुले पनि भर्खरै ललितपुरमा आफ्नो ग्यालरी सञ्चालनमा ल्याउनुभएको छ । राजविराज, थलहा गाविस, सुरुङ्गा नगरपालिका-१० की रन्जु पनि मिथिला चित्रकलामा एक स्थापित नाम हो । यसैगरी भक्तपुरको राधेराधेमा लक्ष्मण मण्डल र सरिता मण्डल यसै क्षेत्रमा लाग्नुभएको छ । श्रीमान-श्रीमतीसमेत रहनु भएका उहाँहरूले आफ्नो कलालाई जीविकोपार्जनसँग जोड्नुभएको छ । यसबाहेक, मिथिला चित्रकलामा यतिबेला पूजा साह, दीपा कर्ण, सुलेखा साह, मुन्नी खातुन, संगीता मण्डल, सुनिता साह, मनतोरियादेवी, विनिता भारतीलगायतका प्रतिभाहरुले यस क्षेत्रमा आफ्नो करियर बनाउँदै हुनुहुन्छ ।

घरबाट बाहिर गएर मिथिला चित्रकलालाई पूर्णकालिक अङ्गाल्नेको सङ्ख्या थोरै रहे पनि यो क्रम बढ्दो रहेको चर्चित एवम् वरिष्ठ चित्रकार एस.सी. सुमन बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "मिथिला चित्रकला आफ्नो फरक ढङ्गको चित्रकारी र शैलीकै कारण विश्वविख्यात हुँदै गएको छ । त्यति मात्र नभएर पारम्परिक चित्रकलालाई यतिबेला युवाहरूले समसामयिकतासँग जोड्दै लगेको हुनाले पनि मिथिला चित्रकलाको माग र आकर्षण बढ्दो छ ।"

मिथिला चित्रकलालाई संस्थागत गराउन मधेस प्रदेशस्थित राजर्षि जनक विश्वविद्यालयमा स्नातकमा फाइनआर्ट अध्ययन-अध्यापनका लागि पहल भइरहेको



वरिष्ठ चित्रकार सुमन बताउनुहुन्छ । यससम्बन्धी पाठ्यक्रमलाई जीवनयापनसँग जोडिनुपर्ने उहाँको भनाइ छ । उहाँ भन्नुहुन्छ, "हाम्रो पुस्ताले सोखको रूपमा चित्रकारी सुरु गरेका थियो तर अबको पुस्ता फाइन आर्टमा मिथिला पेन्टिङ्ग पढेर करियर बनाउँछन् । भविष्यमा मिथिला चित्रकला जीवनयापनका लागि स्थायित्व प्रदान गर्ने राम्रो र सबल माध्यम बन्न सक्छ ।"

**ग्यालरी सञ्चालन गरी आत्मनिर्भर बन्ने प्रथम महिला**

युवा चित्रकार सुनयना ठाकुर, देश र मधेसभरिमै ग्यालरी सञ्चालन गरेर मिथिला चित्रकलामा आत्मनिर्भर बन्ने प्रथम महिला पनि हुनुहुन्छ । 'सुनयना आर्ट' २०६८ सालमा खुल्यो, जो मिथिला ग्यालरीको नामले पनि परिचित छ । उहाँ भन्नुहुन्छ, "जानकी मन्दिरको प्राङ्गनमा ग्यालरी सञ्चालन गर्दा धेरैले ग्यालरी भनेको के हो नै बुझेका थिएनन् । ग्यालरी सञ्चालन गर्न मैले धेरै अप्ठ्याराहरू भोगें । शुरुमा कन्सेप्ट बुझाउने गाह्रो थियो तर चित्रकलामा नै समर्पित हुन्छु भनेर धार्मिक नगरी जनकपुर घुम्न आउने पर्यटकलाई मध्यनजर गर्दै जानकी मन्दिरसँगैको प्राङ्गणमा ग्यालरी सञ्चालन गरेँ । ग्यालरी एउटा कलाकारको सपना हुन्छ । मैले देश-विदेश घुम्दा ग्यालरीको महत्व बुझेँको थिएँ । र आज यसैले मेरो जीविका पनि चलाइदिएको छ ।" उहाँले कागजदेखि माटोको भाडोमा चित्र कोर्दाकोर्दै क्यानभासको यात्रा तय गर्नुभयो ।

चित्रकार सुनयनाले जलेश्वर, जनकपुर हुँदै पोखरा, काठमाडौँमा दर्जनौ एकल प्रदर्शनी गरिसक्नुभएको छ । भने विदेशमा मात्र पाँच वटा प्रदर्शनी लगाइसक्नुभएको छ । उहाँले सन् २०१६ मा अमेरिका, जापानलगायत नेपालका विभिन्न स्थान र विदेशमा पनि उहाँले एकल र सामूहिक प्रदर्शनी गर्दै आउनुभएको छ । महोत्तरीको सुगा गाउँकी सुनयनाले जनकपुरदेखि काठमाडौंको ठमेलसम्म आफ्नो आर्ट ग्यालरीको विस्तार गर्नुभएको पनि लामो समय भयो । उहाँले आफूजस्तै थुप्रै चित्रकारलाई रोजगार पनि दिनुभएको छ । उहाँले आफ्नो एउटा पेन्टिङ अमेरिकामा १७ डलरमा बेच्नुभएको थियो भने नेपालमा पनि एक लाखदेखि माथिका पेन्टिङहरू बिकी भएका छन् ।

**विद्रोही चित्रकार रन्जुको उडान**

युवा चित्रकार रन्जुले सुरुदेखि नै सामाजिक विषयलाई आफ्नो चित्रकलामा उतार्नुभयो । एउटा विद्रोह थियो उहाँभित्र । उहाँ भन्नुहुन्छ, "कलाको सीमा हुँदैन । मिथिला चित्रकलाको जुन जग छ, त्यसमाथि नै टेकेर मैले विषयवस्तु परिवर्तन गरेर चित्रकला गर्छु । पारम्परिक र विषयगत चित्रकला नै मेरो निजत्व हो । चित्रकलाको माध्यमबाट पनि समाजको प्रतिविम्ब देखाउन सकिन्छ भन्ने मेरो मान्यता हो ।"

रन्जु सुनाउनुहुन्छ, "घरमा छोरा-छोरीमा भेदभाव थियो । घर बाहिर र भित्र पनि अनेक हस्तक्षेपहरू थिए, जसले मनमा विद्रोह उत्पन्न हुन्थ्यो । जब मिथिला चित्रकलालाई अङ्गालें अनि मैले समाज, देश र परिवेशमा सदियौंदेखि विद्यमान कुरीतिहरूको विरोधमा चित्र कोर्न थालें । मैले चित्रकलालाई जनचेतनासँग जोड्ने सोच बनाएँ । चित्र कोर्दा स्वतः दाइजोविरोधी, छुवाछूत विरोधी चित्रहरू कोर्नथालें । पारम्परिक त बनाउँथे नै तर त्यो भन्दा पनि सन्देशमूलक चित्र कोर्नेतिर स्वतः अग्रसर हुँदै गएँ ।"

उहाँले चित्रकलामार्फत पारम्परिकबाट हटेर समाजको प्रतिबिम्ब कोर्नुले पनि थुप्रै चित्रकारको विरासत हल्लाएको थियो । धेरैले उहाँलाई निरुत्साहित गर्न खोज्थे, कतिपयले के यस्तो पनि मिथिला पेन्टिङ हुन्छ र भन्ने गरेको स्मरण गर्दै उहाँ भन्नुहुन्छ, "कलाको कुनै सीमा हुँदैन, यो अभिव्यक्तिको माध्यम पनि हो । आधार मात्र बलियो हुनुपर्छ ।"

मैथिली भाषामा स्नातकोत्तर रन्जुको पहिलो चित्रकला प्रदर्शनी २०७४ मा भएको थियो । नेपाल राष्ट्रिय ललितकला प्रदर्शनीमा दाइजोविरुद्धको चित्रकला प्रदर्शन गर्नुभएको थियो । त्यस प्रदर्शनीमा रन्जुलाई अवलोकनकर्ताहरूबाट राम्रो प्रतिक्रिया आएको थियो । त्यही उत्साहमा सन् २०१९ को अप्रिलमा उहाँको पहिलो एकल कला प्रदर्शनीमा २९ वटा विभिन्न विषयवस्तुसहितका चित्र रहेका थिए । यसमा दाइजो, छुवाछूत, भ्रूणहत्याजस्ता सामाजिक विकृतिविरुद्ध उहाँले चित्रकलाको माध्यमबाट आवाज बाहिर ल्याउने प्रयास गर्नुभयो । त्यति मात्रै नभएर महिला सशक्तीकरणका विषयवस्तुसहित 'कलर्स अफ चेन्ज' थिमका साथ उपस्थिति जनाउनुभयो । प्रकृतिमाथिको एउटा चित्रकलाको रु एक लाख १० हजार पाउँदा रन्जुको उत्साह भन्नै बढ्यो । काठमाडौंमै उहाँले त्यो चित्र बेच्नुभयो । उहाँले अवस्था हेरेर विधि-व्यवहारसम्बन्धी चित्रकला १० हजारमा समेत उपलब्ध गराउँदै आउनु भएको छ ।

**मिथिला चित्रकलाको शुरुआत**

रामायणकालमा मिथिला चित्रकलाको हुरुवात भएको मान्यता रहेको छ । राजा जनकले छोरी जानकीको बिहेमा घर, आँगन र भित्ताहरूमा चित्रकोर्न लगाउनुभएको थियो, जो मिथिला चित्रकलाको रूपमा रहेको छ । चित्रकार रन्जु भन्नुहुन्छ, "ग्रामीण भेगका महिलाहरूले आफ्नो घर र भित्ता सजाउन जुन चित्र कोर्नुहुन्छ, त्यो नै मिथिला चित्रकला हो । यसलाई लोककला पनि भनिन्छ । पहिले भूईंमा र भित्तामा चित्र कोर्ने गरिन्थ्यो, पछि क्यानभाससम्म आइपुगेको हो ।"

वरिष्ठ चित्रकार सुमनका अनुसार मिथिला पेन्टिङ कुनै समयमा करियरका लागि नभएर विधि व्यवहारसम्म मात्रै सिमित थियो । भारतीय मिथिला क्षेत्रमा सन् १९६० को दशकमा भित्ताबाट कागजमा सो चित्रकला उतारिएको मान्यता छ । नेपाली मिथिला क्षेत्रमा भने सन् १९९० तिर यसले थोरै व्यावसायिक आकार ग्रहण गऱ्यो । २०५१ सालमा जनकपुरमा नारी विकास केन्द्रको स्थापना विदेशी महिला क्लेयर बर्केटले गर्नुभएको थियो । मिथिला चित्रकलालाई व्यावसायिकरूपमा अघि बढाउने उद्देश्यले सो संस्थाको स्थापनापश्चात् नै मिथिला चित्रकलालाई व्यावसायिकरूपमा लिन थालिएको हो ।

मिथिलाकी महिलाहरू सानैदेखि आफ्नो घर-आङ्गन र भित्ताहरूमा चित्र कोरेको देख्दै हुर्केका हुन्छन् । मिथिलाञ्चलमा मनाइने प्रायः प्रत्येक पर्व र विवाह आदिमा विधि-व्यवहारसम्बन्धी चित्र कोर्ने विशेष परम्परा रहेको छ । त्यस्तै धार्मिक अनुष्ठानका अरिपणलगायत विभिन्न चित्र अनिवार्य प्रायः भएकाले मिथिलाका चेलीहरूले चित्रकलाको ज्ञान एकप्रकारले विरासतमै पाएका हुन्छन् । यसबाट आर्थिक आम्दानी पनि राम्रो हुन थालेपछि युवा पुस्तामा मिथिला चित्रकलालाई आफ्नो करियरको रूपमा अगाडि बढाउने क्रम बढेको छ ।

**अग्रजहरूका पदचाप पछ्याउँदै**

झण्डै दुई दशकअघि वरिष्ठ चित्रकार मिथिलादेवी यादवले चित्रकलालाई आफ्नो जीविकोपार्जनको आधार बनाउनुभएको थियो । उहाँ भन्नुहुन्छ, "त्यतिबेला मिथिला पेन्टिङलाई व्यावसायिक रूपमा खासै हेर्ने गरिएको थिएन ।" सानो उमेरमा बिहे गरेर साधारण परिवारमा जानुभएकी मिथिलादेवीले अशिक्षाको अध्यारो आकाशलाई चित्रकलाको प्रकाशले दीप्त बनाउनु भयो । रङ र कुचीले आफ्नो सुनौलो भविष्य कोर्नुभयो । परिवार पाल्नुपर्ने जिम्मेवारी अनायास आइलागेपछि उहाँले चित्रकलालाई नै जीविकाको माध्यम बनाउने आँट गर्नुभयो र सफल हुनुभयो पनि । उहाँले व्यावसायिक रूपमा मिथिला चित्रकलाको शुरुआत गर्दा थुप्रै महिलालाई यसमा जोड्नुभयो । उहाँ नेपाल ललितकलाको प्राज्ञ परिषद सदस्यसमेत भइसक्नुभएको छ ।

बाँकी तीन पृष्ठमा

# एचएमपिभी साधारण रुघाखोकी गराउने भाइरस हो, आत्तिनु पर्दैन : स्वास्थ्य मन्त्रालय

काठमाडौँ, २५ पुस (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले चीनमा देखिएको भनिएको 'मानव मेटाप्न्यूमो भाइरस' (एचएमपिभी) को साधारण भाइरस भएको जनाएको छ । मन्त्रालयले बुधबार एक विज्ञप्ति जारी गरी यसबारे विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालमा गरिएका भ्रामक प्रचारप्रति ध्यानाकर्षण भएको जनाउँदै त्यस्ता हल्लाको पछि नलाग्न आग्रह गरेको छ ।

"जाडो महिनामा श्वासप्रश्वासजन्य सङ्क्रमणको दर बढ्नु स्वाभाविक मानिन्छ, मानव मेटाप्न्यूमो भाइरस नयाँ भाइरस होइन, जुन नेपालमा विगतमा पनि देखिएको साधारण रुघाखोकी उत्पन्न गराउने भाइरस हो, जसको परीक्षण, निगरानी र प्रतिकार्यका लागि आवश्यक क्षमता र तयारी नेपालले गरिसकेको छ", विज्ञप्तिमा भनिएको छ ।

मन्त्रालयले यस भाइरसबाट गम्भीर समस्या देखिने जोखिम कम रहेको र यसको सङ्क्रमण सामान्यत: कमजोर प्रतिरक्षा क्षमता भएका व्यक्तिहरू, साना बालबालिका र वृद्ध व्यक्तिहरूमा मात्र हुने सम्भावना रहेको जानकारीसमेत गराएको छ । तथापि मन्त्रालय, स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, अस्पतालहरू र प्रयोगशालाद्वारा निगरानी तथा सजगता बढाइएको मन्त्रालयले जनाएको छ ।

एचएमपिभी, एम्पक्सलगायत सङ्क्रामक रोगहरूमा जनस्वास्थ्यका मापदण्ड पालना गर्नु उचित हुने भएकाले व्यक्तिगत सुरक्षाका उपाय

***बाँकी अन्तिम पृष्ठमा***

## *मिथिला चित्रकला...*

त्यस्तै मिथिला चित्रकलालाई दशकौंअघि आफ्नो रोजगारको माध्यम बनाउनु भएको अर्को ख्यातिप्राप्त वरिष्ठ चित्रकार हुनुहुन्छ विजयदत्त मणि । उहाँले जनकपुरमा बसेर मिथिला चित्रकलाको साधनामा जीवनयापन गर्नुभयो र आज पनि उत्तिकै सक्रिय हुनुहुन्छ । अर्का चर्चित वरिष्ठ चित्रकार अजित साह पनि चित्रकलामै स्थापित हुनुभएको छ ।

**महिला सशक्तीकरण, हिंसा र यातनाबारे अभिव्यक्त हुँदै कलाकार**

युवा चित्रकार सुनयनाका अनुसार मिथिला चित्रकलालाई व्यावसायिक रूपमा अँगाल्ने महिलाहरूको सङ्ख्या बढ्दो छ । पहिले पारम्परिक विधि-व्यवहारका पेन्टिङ बनाउने महिलाहरूले यतिबेला महिला सशक्तीकरण, महिला हिंसा र यातनाबारे पेन्टिङमा बोल्न थाल्नु भएको छ । कला अभिव्यक्तिको माध्यम हो, हामी जुन समय र समाजमा बाँचेका हुन्छौं त्यसको सकारात्मक र नाकारात्मक दुवै पक्ष हाम्रो चित्रकलामा पनि अभिव्यक्त भएर आउँछ नै । हामी युवा छौं र हामीले भोगेको, देखेको र चाहेको परिवर्तनलाई नै आकार दिने हो । कुनैबेला स्वत:स्फूर्त रूपमा नै पारम्परिक चित्रकला आफैं कोरिदैजान्छ, क्यानभासमा भने संस्कृति र वातावरण पनि हाम्रो चित्रकलामा आउँछ । अहिलेका युवाहरूको चित्रकलामा प्राय: जनचेतना, परिवर्तन र विद्रोहको झल्को पाइन्छ । तर पारम्परिक चित्रकलाको आफ्नो मौलिक आकर्षण छदैंछ । यसले आयआर्जन पनि दिएको छ ।

अर्की युवा चित्रकार रन्जु सुनाउनुहुन्छ, "मैले शुरुआत गर्दा यो क्षेत्रमा व्यावसायिकरूपमा लोगकी महिलाको सङ्ख्या न्यून थियो तर यतिबेला ह्वात्तै बढेको छ । समर्पणका साथ लाग्ने हो भने मिथिला चित्रकलाले नाम, दाम र आत्मसम्मान सबै दिन्छ । साथै अन्य कलाकारहरूले पनि आफ्नो फाइन आर्टमा मिथिलाको स्वाद दिने प्रचलन बढेको छ । उहाँ भन्नुहुन्छ, "मिथिला चित्रकला विश्वप्रसिद्ध भइसक्यो । फाइन आर्टका अन्य चित्रकलाहरू कुनै न कुनै कलासँग मेला खाइरहेको आभास पाउछौं तर मिथिला चित्रकला अन्य कुनै कलासँग मिल्दैन । यो छुटै प्रकृतिको चित्रकला हो । अन्य समुदायबाट आएर मथिला चित्रकला गरिरहेका कलाकारहरूले भने विशुद्ध व्यावसायिक रूपमा गरिरहेका छन् ।"

**मधेसको सकारात्मक विम्ब पनि**

युवा कलाकार रन्जु सम्झनुहुन्छ, "मेरो एकल प्रदर्शनी अवलोकन गर्न बबरमहलस्थित आर्ट ग्यालरीमा आउनुभएको पूर्वमन्त्री मात्रिकाप्रसाद यादवले समाजिक विषयवस्तुमाथि यत्रो चित्र कोर्नुभयो तर विदेश जाने युवाहरूलाई समेट्नुभएन भन्नुभएको थियो । मधेसमा विदेश जानेको लर्को लाग्ने गर्छ, पुरुष त कमाउन विदेश उड्छन् तर उनको श्रीमती बालबच्चासहित दूरदराजमा कसरी बस्छिन् ? बच्चा बिरामी पर्दा कसरी अस्पताल पुऱ्याउँछिन् ? त्यही विषयमाथि मैले चित्र कोरेको थिएँ । मैले महिलाले साइकलमा बसाएर बच्चालाई स्कुल पुऱ्याएको र एक्लै खेतबारीमा काम गर्दैगरको चित्र मैले उहाँलाई देखाउँदा उहाँले ताली बजाउनुभयो ।

रन्जु भन्नुहुन्छ, 'डिजास्टर टुरिज्म' थिमको चित्रकलालाई पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले ट्वीट गर्नुभएको थियो । खासमा मैले चित्रमा, बाढीले जलमग्न मधेसको अनुगमनमा नेता र मन्त्रीहरू हेलिकप्टरमा आउने र माथिमाथिबाटै उडेर फर्किने गरेको दृश्य कोरेको थिएँ । यो दृश्य हामीले प्रत्येक वर्ष बोहोर्ने गरेका छौं । मानौँ, मधेस 'डिजास्टर टुरिज्म'को एउटा केन्द्र नै हो । पूर्व प्रधानमन्त्री माधव नेपालले पनि फोन गरेर मलाई बधाई दिनुभएको थियो । रन्जुको विदेशमै तीन वटा एकल प्रर्दशनी भइसकेका छन् भने थुप्रै समूहिक प्रर्दशनी पनि गरिसक्नुभएको छ ।

**बजारको खोजी**

वरिष्ठ चित्रकार एस.सी. सुमन भन्नुहुन्छ, "बजारको विस्तार भइरहेको छ, यतिबेला मान्छेमा कलाप्रति सचेतना बढेको छ । अहिले मधेस अथवा मैथिलहरू मात्रै नभएर सबैले मिथिला चित्रकलालाई आफ्नो घरको भित्ता, पर्खाल, आँगन, होटल, अफिस, सरकारी कार्यालयदेखि सार्वजनिक धरोहरहरूमा समेत सजाउन चाहन्छन् । घरमा पुस्तक हुनुजत्तिकै अहम् भूमिका चित्रकलाको पनि भइसक्यो । यसले हाम्रो कलाप्रतिको अनुराग पनि झल्काउँछ । त्यसैले यसको माग बढ्दो छ । एकल र सामूहिक चित्रकला प्रदर्शनी, ग्यालरी, स्वदेशी-विदेशी बजार र काफ्टको माध्यमबाट पनि मिथिला चित्रकलालाई बजारसँग जोड्दै जानुपर्ने देखिन्छ ।

चित्रकार सुनयना भन्नुहुन्छ, "मिथिला चित्रकलालाई उपयुक्त बजारको अभाव छ । यसमा धेरै काम गर्नु पर्ने बाँकी छ । यद्यपि यसको बजारीकणका लागि हामीले नीति बनाएर हिंड्न सक्यौं भने यो ठूलो बजार बन्न सक्छ । सरकारको सहयोग पनि उत्तिकै आवश्यक छ ।" उहाँले काठमाडौंको ठमेलमा पनि आफ्नो आर्ट ग्यालरी सञ्चालन गर्नुभएको छ । कोरानाको समयमो अन्य व्यापारजस्तै चित्रकलाको व्यापारलाई पनि प्रभावित पारेको उहाँ बताउनुहुन्छ । उहाँको ग्यालरीमा मिथिला चिलकलाको अम्बार छ, पारम्परिक चित्रकलादेखि लिएर नारी सशक्तीकरण, बतावरण, विभेदविरुद्धको हुँकारलगायतका चित्रकलाले सजिएको छ । यस अतिरिक्त मिथिला चित्रकलाका साडी, सल, खादा, कप, ब्यागलगायतका उपहार दिन मिल्ने वस्तुहरू पनि उपलब्ध छ । विदेशी पर्यटकहरु पनि आर्ट ग्यालरीमा आएर विभिन्न चित्रकला खरिद गर्ने गर्दछन् ।

चित्रकला क्यान्भासमा मात्रै नगरेर साडी, कुर्ता, सलमा गरेर पनि आयआर्जन गर्न सकिने सुनयनाको भनाइ छ । उहाँ भन्नुहुन्छ, "यसले धेरै गृहणी महिला जो मिथिला चित्रकलामा निपुण हुनुहन्छ उहाँलाई घर बसीबसी काम गर्ने बातावरण हुन्छ ।" सङ्घीय र प्रदेश सरकारको सहयोगका साथ अघि बढ्यौं भने मिथिला चित्रकलामा नेपाल बृहत बजार बन्न सक्ने उहाँको तर्क छ । मिथिला चित्रकलाका पारखीहरूले मात्र चित्र अथवा काफ्ट किन्ने उहाँको अनुभव छ । दश जना महिलाको समूहबाट कामको शुरुआत गर्दै यतिबेला सुनयनाले २५ जनालाई प्रत्यक्षत्र स-अप्रत्यक्ष रूपमा रोजगार दिनुभएको छ ।


## ओपन नलेज फर अलको

### नयाँ सदस्यता आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित सूचना: २०८१/०९/२६

यस ओपन नलेज फर अल, राजविराज-७, सप्तरीको मिति २०८१ साल पौष २ गते सम्पन्न कार्यसमिति बैठकको निर्णयअनुसार संस्थाको विधान २०७५ को परिच्छेद ४ को दफा ८ बमोजिम अनुसार योग्यता पुगेका व्यक्तिबाट २०८१ माघ ४ गते कार्यालय समयभित्र कार्यालयमा आफैं उपस्थित भई आवेदन दिनहुन यो सूचना प्रकाशन गरिएको छ ।

**यस संस्थाको सदस्यता प्राप्त गर्नका लागि कुनै पनि व्यक्तिको देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।**

१) १८ वर्ष उमेर पुरा गरेको नेपाली नागरिक हुनुपर्ने ।
२) मानसिक सन्तुलन नबिग्रेको ।
३) नैतिक पतन नदेखिने, फौजदारी अभियोग नलागेको र कुनै कानुनी सजाय नपाएको हुनुपर्ने ।
४) संस्थाको उद्देश्य र विधानलाई पूर्ण रुपमा स्विकार गरेको हुनुपर्ने ।
५) संस्थाको कार्यक्रम सञ्चालन गर्न सक्ने दक्षता हुनुपर्ने ।
६) प्रचलित कानुनले योग्य ठानेकी हुनुपर्ने ।
७) जुनसुकै सदस्यको लागि पनि दिएको आवेदन संस्थापक समितिबाट स्वीकृत भएमा मात्र सदस्यता प्राप्त गरेको मानिनेछ ।
८) हालसालै खिचेको पासपोर्ट साइजको २ प्रति फोटो ।
९) रितपूर्वक भरेको आवेदन फारम अनुसूची-१ (फारम कार्यालयमा उपलब्ध गराइनेछ ।)
१०) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
११) आवेदनका साथ प्रवेश शुल्क रू. ५००/- नगद जम्मा गरेको सक्कल बैंक भौचर वा Connect IPS, Esewa, Khalti, IME Pay जस्ता Payment Gateway मार्फत बुझाएको Receipt

<u>बैंक खाताको विवरण:</u>
Bank Name: Sanima Bank
Branch:- Rajbiraj, Saptari
Account Name:-Open Knowledge for All
Account No:- 0580000007701

(नोट: नयाँ सदस्यता सम्बन्धी सर्वाधिकार संस्थापक समितिमा निहित ।)

<u>सम्पर्क व्यक्ति</u>
किरण कुमार साह (९८०४७४७१९९, ९८६०३९९३९९)


## विश्व समाचार

### तिब्बतमा भूकम्पपछि एकहजार २११ परकम्पन

ल्हासा, २५ पुस (रासस/सिन्ह्वा) ।

दक्षिण-पश्चिम चीनको स्वायत्त क्षेत्र तिब्बतको तिङ्गी काउन्टीमा मङ्गलबार बिहान आएको ६.८ म्याग्निच्युडको भूकम्पपछि बिहीबार अपरान्ह ३:०० बजेसम्म कूल एक हजार २११ वटा परकम्पनहरू पत्ता लागेको क्षेत्रीय सरकारले जनाएको छ ।

चीनको दक्षिणपश्चिमी क्षेत्र सिजाङ स्वायत्त क्षेत्रको डिङ्गी काउन्टीमा मङ्गलबार ६.८ म्याग्निच्यूडको भूकम्प गएको स्थानीय अधिकारीले बताएका छन् ।

भूकम्पका कारण १२६ जनाको मृत्यु हुनुका साथै १८८ जना घाइते भएका थिए भने फसेका ४०७ जनाको उद्धार गरिएको छ ।

क्षेत्रीय भूकम्प ब्यूरोका अनुसार ६.८ म्याग्निच्यूडको भूकम्पको केन्द्रबिन्दुबाट करिब १८ किलोमिटरको दूरीमा ४.४ म्याग्निच्युडको भूकम्प गएको थियो । ३३ वटा पराकम्पन तीनभन्दा बढी म्याग्निच्युडको रहेको पनि ब्यूरोले उल्लेख गरेको छ ।

### आन्ध्र प्रदेशस्थित एक मन्दिरमा भागदौड हुँदा ६ जनाको मृत्यु

नयाँदिल्ली, २५ पुस (रासस/एएफपी) ।

भारतमा हिन्दू धर्मावलम्बी भेला भएको एक मन्दिरमा भागदौड मच्चिँदा कम्तीमा छ जनाको मृत्यु भएको र अन्य कैयौं घाइते भएका अधिकारीहरूले बिहीबार बताएका छन् ।

भारतको दक्षिणी राज्य आन्ध्र प्रदेशमा रहेको श्री वेङ्कटेश्वर स्वामी (तिरूपति) मन्दिरको दर्शनका लागि प्रवेश द्वारमा टोकन लिन ठूलो भीड जम्मा भएका समय एकाएक भागदौड मच्चिएको थियो ।

"हजारौं धर्मावलम्बी भेला भएको मन्दिर परिसरमा भएको दुर्भाग्यपूर्ण घटनामा छ जना भक्तजनको ज्यान गएको छ । दिवङ्गत आत्माको शान्तिका लागि म भगवानसँग प्रार्थना गर्दछु," राज्यको सत्तारुढ तेलुगु देशम पार्टीका प्रवक्ता प्रेमकुमार जैनले घटनाको पुष्टि गर्दै दु:ख व्यक्त गर्नुभयो । प्रधानमन्त्री नरेन्द्र मोदीले मृतकका परिवारजनप्रति समवेदना प्रकट गर्नुभएको छ ।

प्रधानमन्त्रीको कार्यालयले सामाजिक सञ्जाल एक्समा जारी एक सन्देशमा भनिएको छ, "यस दु:खद् घडीमा घटनामा ज्यान गुमाएका भक्तजनप्रति श्रद्धाञ्जलि अपृण गर्दछु, साथै, घटनामा ज्यान गुमाएका व्यक्तिका परिवारका सदस्य र आपन्तजनप्रति समवेदना व्यक्त गर्दछु ।

भारतका प्रमुख धार्मिक चाडहरूमा भीडभाड व्यवस्थापन र सुरक्षाको कमीका कारण धार्मिक स्थलहरूमा घातक दुर्घटनाहरू हुने गरेका छन् ।

गत वर्ष जुलाईमा उत्तर प्रदेशमा हिन्दू धर्मावलम्बीको धार्मिक जमघटका क्रममा १२१ जनाको मृत्यु भएको थियो ।

सन् २०१६ मा दक्षिणी केरला राज्यको एक मन्दिरमा नयाँ वर्षको अवसरमा प्रतिबन्धित आतशबाजी प्रदर्शनका कारण भएको विस्फोटमा परी ११२ जनाको मृत्यु भएको थियो ।

### उत्तरी सिरियामा टर्कीए र कुर्दिश सेनाबीच झडप, ३७ जनाको मृत्यु

दमास्कस, २५ पुस (रासस/एएफपी) ।

सिरियाको उत्तरी मानबिज क्षेत्रमा बिहीबार टर्कीए समर्थित समूह र कुर्द नेतृत्वको सेनाबीच भएको भिडन्तमा ३७ जनाको मृत्यु भएको छ ।

संयुक्त राज्य अमेरिकाले बुधबार सिरियामा कुर्दिश लडाकुविरुद्ध आक्रमण बढाउनबाट रोक्न नेटो सहयोगी राष्ट्र टर्कीएको चिन्तालाई सम्बोधन गर्न काम गरिरहेको बताएको छ ।

सिरियाली युद्ध अनुगमन संस्था (सिरियन अब्जरभेटरी फर ह्युमन राइट्स वार मोनिटर) ले कुर्दिश नेतृत्वको सिरियन डेमोक्र्याटिक फोर्सेज र टर्कीए समर्थित नेसनल आमीबीच पछिल्लो केही घण्टायता मनबिजको ग्रामीण इलाकामा भीषण लडाई भएको जनाएको छ । उक्त क्षेत्रमा टर्कीएएले हवाई आक्रमणसमेत सिरियाली युद्ध अनुगमनकारी संस्थाले जनाएको छ ।

"दोहोरो झडपमा परी ३७ जनाको मृत्यु भएको छ," बेलायतस्थित अब्जरभेटरीले जनाएको छ । टर्कीएए समर्थित लडाकुमध्ये छ जना एसडीएफ लडाकु र पाँच जना सर्वसाधारणको पनि मृत्यु भएको छ ।

मनबिजको ग्रामीण इलाकामा गत महिनादेखि जारी झडपमा परी कम्तीमा ३२२ जनाको मृत्यु भएको उक्त संस्थाले जनाएको छ ।

बुधबार अमेरिका समर्थित एसडीएफका प्रमुख मजलुम अब्दीले आफ्नो समूहले 'सिरियाली भूमिको एकता र अखण्डता'लाई समर्थन गरेको बताउनुभएको थियो । एएफपीलाई दिएको लिखित रिपोर्टमा उहाँले सिरियाका नयाँ अधिकारीहरूलाई 'सिरियामा युद्धविरामका लागि हस्तक्षेप गर्न' आग्रह गर्नु भएको छ ।

गत महिनाको अन्त्यतिर कुर्दिश नेता र दमास्कसका अधिकारीहरूबीच भएको 'सकारात्मक' बैठकपछि अब्दीको यो टिप्पणी आएको हो ।

इस्लामवादी नेतृत्वको विद्रोहीहरूले नोभेम्बर २७ मा सिरियाली राष्ट्रपति बशर अल असदलाई अपदस्थ गर्ने आक्रमण सुरु गरेपछि उत्तरी सिरियामा टर्कीएए समर्थित समूहहरूले एसडीएफसँग आफ्नो लडाइँ फेरि सुरु गरेका थिए ।

मनबिज क्षेत्रमा युद्धविराम स्थापना गर्ने अमेरिकी नेतृत्वको प्रयासका बावजुद अङ्कारा समर्थक समूहले उत्तरी अलेप्पो प्रान्तको कुर्दिश नियन्त्रित मनबिज र ताल रिफातकब्जा गर्न सफल भएका छन् ।

# ठोस योजना नभएका कारण युवाहरू बिदेशिदै : अध्यक्ष यादब

**दैनिक समाचारदाता**
**राजविराज, २५ पुस ।**

सप्तरीको तिरहुत गाउपालिका अध्यक्ष विजय यादबले राष्ट्रिय समृद्ध बनाउन र बिकास गर्न कुनै खाका, योजना नभएका कारण युवाहरु बैदेशिक रोजगारीमा जान बाध्य भएको बताएका छन् ।

सबल नेपालको आयोजनामा युएसएआईडीको सहयोग, द एसिया फाउन्डेशन मुख्य कार्यन्वयन संस्थाले बिहीबार संचालन गरेको नागरिक, समाज तथा संचार कार्यक्रम अन्तर्गत युवा संजालसँग पालिकास्तरिय समन्वय बैठकमा उनले सो कुरा बताएका छन ।

लघुउधम अन्तर्गत सानो सानो उधोग संचालन गरेमा युवाहरूको रोजगारको ग्यारेन्टी हुने बिश्वास ब्यक्त गर्दै उनले सामाजिक बिकृतिमा रहेको लागु औषध, दहेज प्रथा, बालविवाह, हिंसा हटाउन युवा संजाल सक्रिय हुनुपर्नेमा जोड समेत दिए ।

पालिकास्तरिय युवा संजालका अध्यक्ष रामकुमार रजकले तिरहुत गाउपालिकाको सामुदायिक बिधालयहरूको शिक्षा र स्वास्थ सेवामा निकै कमजोर रहेकोले स्थानिय सरकार गम्भीर हुनु पर्नेमा जोड दिए ।

सबल नेपालले नाागरिक, समाज तथा संचार कार्यक्रम अन्तर्गत जिल्लाको १८ वटै पालिकामा युवा संजाल गठन भई युवाहरूको अधिकार, न्यायमा पहुच, क्षमता बिकास तथा साझा सवालमा बकालत अभियान कार्यक्रम गर्दै आएको सबल नेपालका कार्यक्रम अधिकृत सवनम यादबले जानकारी दिईन ।

नागरिक, समाज तथा संचार कार्यक्रम अन्तर्गत पालिकास्तरिय युवा संजालहरूको अगुवाईमा युवाको साझा सवाल र सामाजिक मुद्दामा बकालत अभियान कार्यक्रम जिल्लाको १५ वटा पालिकामा सम्पन्न गरेको ब्यबस्थापक यादबले बताए ।

कार्यक्रममा वडा ४ का अध्यक्ष बलराम यादब, शिक्षा संयोजक धनेश्वर यादब, स्वास्थ संयोजक रमेश यादबलगायतले मन्तव्य दिएका थिए ।

# वैश्य महासंघको मेची-महाकाली अभियान

**दैनिक समाचारदाता**
**राजविराज, २५ पुस ।**

वैश्य महासंघ नेपालले वैश्य समाजको पहिचान, उत्थान र सम्मानका लागि मेची-महाकाली अभियान थालेको छ ।

महासंघका राष्ट्रिय अध्यक्ष परमेश्वर महासेठले जिल्ला जिल्लामा संगठन विस्तारका लागी मेची-महाकाली अभियान चलाएको जानकारी दिएका छन् ।

बिहीवार सप्तरीका संचारकर्मीहरुसीत कुरा गर्दै उनले २२ वटा जातीय समुदाय आबद्ध रहेको महासंघलाई साँगठनिक रुपमा बलियो बनाउन र उनीहरुको पहिचान, उत्थान र सम्मानका लागी नविन योजनाका साथ मेची-महाकाली अभियान थालिएको बताए ।

अभियान थालेको दुई महिना पनि नपुग्दै एक दर्जन भन्दा बढी जिल्लामा पुगी बृहत भेला र कार्य समितिहरु गठन गरि सकिएको महासंघका सचिव रामउदार महासेठले जानकारी दिए । उनले यो अभियान देशैभर संचालन हुने बताए ।

महासंघका अध्यक्ष र सचिवका साथै अर्का सचिव बजरंगी साह, उपाध्यक्ष्य रामचन्द्र साहु, शत्रुघन साह, विधान मस्यौदा समितिका सदस्य शत्रुघन महासेठ, तेली कल्याण समाजका राष्ट्रिय अध्यक्ष विश्वनाथ साहु, महिला नेतृ सुनिता साह "क्रान्ति" सहितका पदाधीकारीहरुले नेतृत्व गरेको अभियान अन्तर्गत संगठन विस्तार, नयाँ कार्यसमीती गठनदेखी संगठन सुदृढिकरणका लागी आवश्यक सुझाव समेत संकलन गर्ने गरिएको महासंघले जनाएको छ ।

# एबीबीएस पढ्न नाम निकालिदिने भन्दै रकम लिएको आरोपमा स्वकीय सचिव पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २४ पुस ।**

एबीबीएस पढ्न छोरीको नाम निकालिदिने भन्दै सप्तरीको अग्निसाइबर कृष्णासवरन गाउँपालिका ५ बकधुवा बस्ने ५७ वर्षीय बौआलाल चौधरीसँग रकम लिएको आरोपमा संघीय संसदको सार्वजनिक लेखा समिति सभापति ऋषिकेश पोखरेलका स्वकीय सचिव अनिल पोखरेल पक्राउ परेका छन् ।

विभिन्न मितिमा ३८ लाख ८० हजार रुपैयाँ लिएको आरोप पोखरेललाई बिहीबार बिहान प्रहरीले जिल्ला प्रहरी कार्यालय मोरङले पक्राउ गरेको हो ।

मोरङको रंगेली नगरपालिका २ घर भई काठमाडौं बस्दै आएका ४३ वर्षीय अनिल नेकपा एमाले मोरङ जिल्ला सदस्य हुन् । प्रहरी नियन्त्रणमा रहेका पोखरेलमाथि अनुसन्धान सुरु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

उनीमाथिको घटनामा अनुसन्धान गर्न उच्च अदालत विराटनगरले प्रहरीलाई आदेश पनि दिएको थियो । ठगी प्रकरणमा मुछिएपछि सभापति पोखरेलले आफ्ना स्वकीय सचिव अनिललाई जिम्मेवारीबाट हटाएका थिए ।

ऋषिकेश पत्नी अन्जला कोइरालामाथि सहकारी ठगीको आरोप छ । गत २७ मंसिरमा मुद्दा दर्ता भएपछि फरार रहेकी उनी बुधबार अदालतमा हाजिर भएकी थिइन् । बुधबार नै उनी अदालतको आदेशपछि १० लाख धरौटी बुझाएर छुटेकी थिइन् ।

# हाई टेन्सन तारबाट करेन्ट लागेर टिपर जल्यो, चालक गम्भिर घाइते

**दैनिक समाचारदाता**
**रौतहट, २५ पुस ।**

रौतहट जिल्लाको वृन्दावन नगरपालिका ४ स्थित क्रसर उद्योगमा ११ हजार भोल्टेजको हाई टेन्सन तारबाट करेन्ट लागेर मालवाहक टिपर पूर्ण रुपमा जलेको छ भने टिपर चालक गम्भिर घाइते भएका छन् ।

गम्भिर घाइते भएका टिपर चालक जयप्रकाश सहनीको गरुडा स्थित एउटा निजी अस्पतालमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी राजन कार्कीले बताए ।

बिहीबार बिहान ८ बजे क्रसर उद्योगमा लु.१त. २८४९ नम्बरको टिपर बालुवा झार्ने क्रममा ११ हजार भोल्ट भएको तारमा छुन पुग्दा करेन्ट लागेर टिपरमा आगलागी भएको हो ।

डीएसपी कार्कीका अनुसार टिपरबाट बालुवा झार्नमाथि उठाएको ट्रली तल नझारी फर्काउने क्रममा माथिको हाइटेन्सन तारमा छोएर दुर्घटना भएको थियो ।

*लामिछानेसहित ...*

३७ लाख, मीना गुरुङलाई रू पाँच लाख, रामबहादुर खनाललाई रू १५ लाख, आरती गुरुङलाई रु पाँच लाख र कृष्णबहादुर गुरुङलाई रू एक लाख धरौटी माग गरेको उक्त अदालतका स्रेस्तेदार राजन खनालले बताउनुभयो ।

अदालतमा १० दिनसम्म भएको धुनछेक बहसपछि प्रतिवादीहरुलाई धरौटीमा रिहा गर्न आदेश दिएको हो । यही पुस ७ गते जिल्ला सरकारी वकिलको कार्यालयले उक्त सहकारीको रकम अपचलन गरेको आरोपमा सभापति लामिछानेसहित ४४ जनाविरुद्ध मुद्दा दायर गरेको थियो । सरकारी वकिलको कार्यालयले सूर्यदर्शन सहकारीको रकम अपचलन प्रकरणमा हालसम्म ६३ जनाविरुद्ध जिल्ला अदालतमा मुद्दा दायर गरेको छ । धरौटीमा रिहा भएका प्रतिवादीको मुद्दामा थप अनुसन्धान हुने स्रेस्तेदार खनालले जानकारी दिनुभयो ।

*एचएमपिभी ...*

(मास्क लगाउने, भीडभाडमा नजाने) अपनाउन मन्त्रालयले सबैमा अनुरोध गरेको छ । यस्तै, बिरामीको नजिक/सम्पर्कमा नजान, साबुन पानीले हात धुन र स्वास्थ्यमा समस्या आइपरेमा अस्पताल गई चिकित्सकको उचित सल्लाह लिन र मन्त्रालयको हेल्लो स्वास्थ्य कल सेन्टर १११५ मा सम्पर्क गरी परामर्श लिन पनि मन्त्रालयले अनुरोध गरेको छ ।

नेपाल सरकार
भूमिव्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय राजबिराज,सप्तरी
(भूमिसूधारशाखा)

प.सं. २०८१।०८२
च.नं. 646 मिति २०८१।०९।२५

**विषय : म्याद प्रकाशन सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा वादी महेन्द्र यादव र प्रतिवादी जि.स.गा.वि.स.कोइलाडी वार्ड नं.२ बस्ने नुतन देवी सिंह संगको मि.नं.४२४ मोही जग्गा बाँडफाँड गरी मोही लगत कट्टा गर्री पाउँ । मुद्दामा तपसिल बमोजिम को जग्गामा यस कार्यालयको आदेशानुसार विशेष अदालत ऐन २०५९, को दफा (१२) बमोजिम ३०(तिस) दिन म्याद सरहको सार्वजनिक सुचना प्रकाशित भएको मितीले बाटोको म्याद बाहेक ३०दिन भित्र आफनो सबुत प्रमाण सहित लिखित प्रतिउत्तर तथा जवाफ लिई यस अड्डामा हाजिर हुन आफै आउनु वा कानुन बमोजिम वारिस वा कानुन व्यवसायी पठाउनु होला । ऐन बमोजिम पुपंक्ष हुने छ । अन्यथा कानुन बमोजिम तपसिलको जग्गा बाँडफाँड भई जाने छ । र म्याद गुजारी बसे पछि यस विषयमा तपाइको कुनै किसिमको उजुरी बाजुरी लाग्ने छैन ।

**तपसिल**

| क्र.स. | ज.ध.को नाम | जिल्ला | गा.बि.स. | वार्ड नं. | कि.नं. | ज.बि. | मोहीको नाम |
|---|---|---|---|---|---|---|---|
| १ | नुतन देवी सिंह | सप्तरी | देउरी | २ | ७१ | ०-४-५ | महेन्द्र यादव |

नोट :- यसमा पत्रिका प्रकाशनमा लाग्ने दस्तुर स्वयम व्यक्तियाट भराई लिनु हुन अनुरोध छ ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरीबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी
राजबिराज

प.सं. २०८१/८२ मिति: २०८१/०७/२९
च.नं.

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना ।**

कोश्की माझी थारुको नाममा दर्ता रहेको तपसिल बमोजिमको जग्गा निवेदकको नाउँमा एकलौटी नामसारी गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. कायन वडा नं. २ हाल परिवर्तित बोदेबर्साइन न.पा. वडा नं. ८ बस्ने सिपहनीया देवी थारुको यस कार्यालयमा द.नं. ११४०५ मिति २०७८/०५/२० गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्न मिति २०८१/०७/२९ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा नामसारी गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्नु होला । म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम जग्गा नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| गा.वि.स. | वार्ड.नं. | कि.नं. | जग्गा क्षेत्रफल | जग्गाधनीको नाम | कैफियत |
|---|---|---|---|---|---|
| कायन | २ | ३०७ | ०-२-१३ | कोश्की माझी थारु<br>बाबु-जोखन माझी थारु<br>बाजे- प्राणपेत माझी थारु | निवेदक- सिपहनीया देवी थारु<br>पति- बुद्धकी चौधरी थारु |

श्री लक्ष्मी प्रसाद खरेल
प्रमुख मालपोत अधिकृत


## माईग्रेसन सर्टिफिकेट हराएको सूचना

घरबाट राजविराज जाने क्रममा मेरो निम्न ठेगाना भएको कक्षा १२ को माईग्रेसन सर्टिफिकेट २०८१ साल पौष २१ गते हराएको हुदाँ भेटाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको मोवाईल नम्बरमा सम्पर्क गरी बुझाई दिनुहुन अनुरोध छ ।

नाम : रुविला कुमारी चौधरी
ठेगाना : त्रियुगा न.पा.१० (देउरी)
रजिष्ट्रेशन नं. : ६६१४०२५२४
सम्पर्क नं. : ९८०१५०१५९३


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*